नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

आज मिति २०७८ श्रावण २० गते नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास बैरागीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको आ.व. २०७७/७८ को बार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो । बैठकमा बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था, माइलस्टोनको प्रगति, नतिजा सूचक तथा उपलब्धिको विवरण, बेरुजु फछ्र्यौटको अवस्था, सम्पादित मुख्य क्रियाकलापहरूको समीक्षा तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूको बारेमा प्रस्तुतीकरण तथा छलफल गरी राष्ट्रिय विकास समस्या समाधान समितिमा लानुपर्ने विषयवस्तु तथा समस्याहरू पहिचान गरिएका छन्।

बैठकमा मुख्य सचिवज्यूले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट सम्पादन भैरहेका पुनर्निर्माण सम्बन्धी कार्यहरू समयभित्रै सम्पन्न गर्ने तथा सम्पादन हुन बाँकी कार्यहरू सम्बन्धित निकायहरूमा हस्तान्तरण गर्ने प्रक्रियालाई तदारुकताका साथ अघि बढाउने, राष्ट्रिय सतर्कता केन्द्रबाट हुँदै आएको आयोजनाहरूको प्राविधिक परिक्षण सम्बन्धी कार्यलाई गुणात्मक बनाउन थप साधन स्रोत सम्पन्न बनाउने, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी रणनीतिलाई सबै निकायले समन्वयात्मक रुपमा कार्यान्वयनमा लाने, लगानीको वातावरण सहज बनाई विकास, शान्ति र सुशासन प्रवर्द्धनमा बढावा दिने, जनशक्ति प्रक्षेपण गरी निकायगत कामकारबाहीलाई चुस्त बनाउने, सबल अर्थतन्त्र निर्माण गर्न प्रमाणमा आधारित नीति तर्जुमा तथा विश्लेषण गर्न राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानले अध्ययन अनुसन्धानमा संलग्न सबै निकायहरूलाई समन्वय गर्ने, पूँजीगत खर्च कम हुनाका कारणहरू मिहिन रुपले विश्लेषण गरी समाधान गर्ने, साइबर सुरक्षा तथा बेरुजु फछ्र्यौटका लागि स्पष्ट रणनीतिका साथ अघि बढ्ने लगायतका विषयहरूमा सचिवज्युहरू तथा सबै निकायका प्रमुखहरूलाई निर्देशन दिनु भयो।

कार्यक्रमको सञ्चालन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शिशिर कुमार ढुङ्गानाले गर्नु भएको थियो भने समग्र प्रस्तुतीकरण सहसचिव श्री गोविन्द सुवेदीले गर्नुभएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका सबै निकायहरूको प्रस्तुती पश्चात् राष्ट्रिय योजना आयोगका सचिव श्री केवल प्रसाद भण्डारी तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवद्धय श्री शिशिर कुमार ढुङ्गाना र डा. बैकुण्ठ अर्यालले सुझावहरू प्रस्तुत गर्नुभएको थियो।

२०७८/४/२०

क्रमशः

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र नेपाल ट्रष्टको कार्यालयका सचिवहरू, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र लगानी बोर्डका सहसचिवहरू एवम् राजस्व अनुसन्धान विभाग तथा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागका महानिर्देशकहरू लगायतको उपस्थिति रहेको थियो ।

२०७८ श्रावण २०

कृष्ण बहादुर राउत

प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np